## दाङ जिल्लाको गढवामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक च्याउ खेती तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ मंसीर २२ गतेदेखि २४ गतेसम्म दाङ जिल्लाको गढवामा **"ब्यवसायिक च्याउ खेती तालिम"** सम्पन्न गरेको संस्थाका गढवा कार्यालयका शाखा प्रमुख श्री नारायण भुर्तेलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु गढवा गाउपालीकाका प्राविधिकहरु श्री फुलनदेवी चौधरी र श्री हेमराज पुन, शाखा प्रमुख श्री नारायण भुर्तेल र कोहलपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री नवराज जोशी रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कोहलपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री नवराज जोशीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको गढवा शाखाका लेखापाल श्री यमुना न्यौपानेले प्रकाश पारेकी थिईन ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १०

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आईरहेको छ। संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ



च्याउको परिचय, प्रकार, खान हुने र नहुने च्याउको बारेमा बताउनुको साथै प्रयोगात्मक रुपमा पराल काट्ने, पखाल्ने, बफाउने, त्यसपछी प्लाष्टीकमा च्याउको विउ सँगै राख्ने तथा कसरी बढी भन्दा बढी च्याउ उत्पादन गर्न सकिन्छ भन्ने बारेमा प्रष्ट पार्नुको साथै बजार व्यवस्थापन लगायतका बिषयहरुमा बिशेषज्ञ प्रविधिकहरु मार्फत तालिम प्रदान गरिएको थियो । बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरु आदिको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको गढवा शाखाका प्रमुख श्री नारायण भुर्तेलले बताएका थिए। व्यवसायिक रुपमा च्याउखेती गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका कोहलपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री नवराज जोशीले जानकारी गराएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिमको अन्त्यमा सहभागीहरु श्री अण्जु चौधरी र श्री हेम्कु चौधरीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा च्याउ खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ ब्यवसायमा प्रयोग गरी ब्यवस्थित र आधुनिक तरिकाले च्याउ खेती ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।



Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 